आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

## दुर्गाथली गाउँपालिका

१० अषाढ २०८१

गाउँपालिकाको हल, चौधारी, बझाङ्ग

# विषयसूची

क्षेत्रगत नीतिहरु ....... 3

क. भौतिक पूर्वाधार विकास सम्बन्धी....... 3

अ. भवन निर्माण तथा स्थानीय पूर्वाधार....... 4

आ. उर्जा, सञ्चार तथा सूचना प्रविधि पूर्वाधार....... 5

इ. आवास तथा बस्ती विकास....... 5

ख. आर्थिक विकास....... 6

अ. कृषि विकास....... 6

आ. पशु विकास....... 7

इ. सिंचाई ....... 7

ई. सहकारी तथा रोजगार प्रर्वधन कार्यक्रम....... 8

ग. सामाजिक विकास....... 8

अ. शिक्षा....... 8

आ. युवा तथा खेलकुद ....... 10

इ. स्वास्थ्य तथा आयुर्वेद....... 11

ई. खानेपानी तथा सरसफाई....... 12

उ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठनागरिक सम्बन्धि नीति ....... 13

ऊ. सामाजिक सुरक्षा तथा संरक्षण....... 14

ए. न्याय तथा कानुनी परामर्श सम्बन्धि नीति ....... 14

घ. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन....... 15

ङ. उद्योग वाणिज्य, पर्यटन तथा संस्कृति....... 16

अ. उद्योग तथा वाणिज्य....... 16

आ. पर्यटन तथा संस्कृति....... 16

च. योजना तर्जुमा तथा अनुगमन सम्बन्धी नीति....... 16

दुर्गाथली गाउँपालिकाको १४ औं गाउँसभाको समुद्घाटन समारोहमा पालिका अध्यक्ष श्री दिल बहादुर थापाद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु,पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि गठित दुर्गाथली गाउँपालिकाको निर्वाचित स्थानीय सरकारको प्रमुखको हैसियतले यस गरिमामय गाउँसभामा तेस्रो पटक आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको लागेको छ । यस अवसरमा म नेपालको लोकतान्त्रिक नागरिक सर्वोच्चता शुसासन कायम गर्न, इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, न्यायपुर्ण आन्दोलन, शसस्त्र संघर्ष र युगान्तकारी जनयुद्धको गौरवपूर्ण सुनौलो इतिहासको सम्मान गर्दे नेपालको साभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता स्वाधिनता राष्ट्रहित र लोकतन्त्रका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग शहितहरु प्रति उच्च सम्मान सहित भावपूर्ण सम्मान अर्पण गर्दै घाईते योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

२. दुर्गाथली पालिकाको नेतृत्वको पहलमा संघ र प्रदेश सरकारको समेत समन्वय, सहजिकरण एवं साझेदारीमा गाउँपालिकामा विभिन्न सडक, सिचाईं योजना, खानेपानी योजना, कृषि कार्यक्रमहरु तथा पालिकाको समग्र विकासमा तत्कालिन र दिर्घकालिन महत्वका विभिन्न आयोजनाहरुका लागि उचित बजेटको व्यवस्था भएको हामी सबैलाई सर्वविधितै छ ।

३. मेरो नेतृत्वको सरकारको पहिलो निर्णय सामाजिक सुरक्षा भत्ता पालिकाको सहजिकरणमा कुमारी बैंकले लक्षित उमेर समुहका सेवाग्रहीलाई टोल तथा घरघरमा वितरण गर्ने कार्यले जनताहरुलाई ठुलो राहात भएको सर्वविधितै छ । सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी, जनताहरुलाई अझ सहज र छरितो गर्ने वारे आवश्यक पहल गरिने छ ।

४. अध्यक्ष MBBS छात्रवृत्री कार्यक्रम गाउँपालिकाको स्वास्थ्य सेवामा भविस्यमा कोशेढुंगा सावित हुने निश्चित छ । हामी निर्वाचित भएर दोस्रो वर्ष पार गरिरहदाँ ९ वर्षका लागि पालिकामा MBBS डाक्टर उपलब्ध हुने सुनुश्चितता हुनु हाम्रो सिंगो निर्वाचित टिमको दिर्घकालिन विकासको लक्ष लाई प्रमाणित गर्दै अध्यक्ष MBBS छात्रवृत्री कार्यक्रम आज हामी सबैको गौरवको विषय बनेको छ ।

**गाउँसभाका सदस्यहरु,**

आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम देहायका विषयहरुलाई आधार लिएको छु ।

- नेपालको संविधान २०७२
- राज्यको निर्देशक सिद्धान्त र नीतिहरु
- संघीय नीति तथा कार्यक्रम
- १६औं योजनाका परिलक्षित उद्देश्यहरु
- सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा, दिग्दर्शन, २०७८
- राज्यका दीर्घकालीन लक्ष तथा उद्देश्य

- दिगो विकासका १७ वटा लक्ष्यहरु
- दुर्गाथली गाउँपालिकाको आवधिक योजना
- दुर्गाथली गाउँपालिकाको मध्यमकालिन खर्च संरचना

प्रस्तुत नीति तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन तथा लक्षित उद्धेश्य प्राप्त गर्नका लागि देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## क्षेत्रगत नीतिहरु

### क.भौतिक पूर्वाधार विकास सम्बन्धी

१. गाउँपालिकाले शुरु गरेका तथा ठेक्का प्रक्रियामा रहेका अधुरा योजनाहरुलाई प्रथामिकतामा राखि आगामी आ.व. मा सम्पन्न हुनेगरि कार्यान्वयन गर्ने नीति लिएको छु ।

२. पालिका गौरवको योजना गाउँपालिका प्रशासकिय भवनको ठेक्का भई निर्माणाधिन गा.पा. प्रशासकिय भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३. झोता – रकैल – देउलेख हुदैं विनायक सडक लाई गाउँपालिका गौरवको योजना भित्र राखि आवश्यक बजेटको व्यवस्था गरि यसै वर्ष स्तरोन्नती गरिनेछ।

४. दुर्गाथली Ring Road ( भ्वागडा-डिमाली-बाईकाट्टे-वासुधारा-विनायक-देउलेख-सेलागाउँ-गाग्रिपाटा-भ्वागडा) को डिपिआर बनिसकेकोले यसै आ.व. मा निर्माणका लागि प्रदेश र संघ सरकारको सहकार्यमा निर्माणको लागि पहल गरिने छ।

५. प्रदेश सरकारको सहयोगमा मौरीबगर देखि गा.पा. कार्यालय सम्मको कालोपत्रे सडकमध्ये भ्वागडा सम्म (३ कि.मि.) सडकको कालोपत्रे पुरा भएको र बाँकि काम छिटो सम्पन्न गर्न पहल गरिनेछ ।

६. चौधरी – मौलाली – देउलेख – विनायक – चुवाबन सडकको स्तरोनन्तीका लागि सम्बन्धित कार्यालय संग समन्वय गरि छिटो छरितो सम्पन्न गर्न पहल गरिनेछ ।

७. मौरीबगर - पाथिभेरा सडकको स्तरन्नोति गरी कालोपत्रेका लागि पहल गरिनेछ ।

८. भुमाली – काँडागाउँ - बाल्याचौर सडक, सुडिखोला – अठिमाणा सडक, बासुधारा – सैन – गैरा सडक, चिमाडा – सेलागाउँ सडक, देउलेख – टोड्का सडक र बागझाड – तिलेली बाईकाट्टे - बासुधारा सडक र गमलागाउँ – डाडातिरुवाटोल सडक प्राथामिकताका आधारमा स्रोतको व्यवस्थापन गरि पालिकाको स्काभेटरले सडक निर्माण कार्य अगाडी बढाईने छ ।

९. गा.पा भित्रका मुख्य सडक, बजार र चोकहरुमा सडक बत्ती जडान गर्ने व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकाको जयपृथ्वि राजमार्गमा स्थित मौरिबगर र सुडिखोलामा **SMART GATE** निर्माण गरिने छ ।

११. सातैवटा वडामा आवश्यकताका आधारमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत गोरेटो बाटो निर्माण कार्य गरिनेछ ।

## अ. भवन निर्माण तथा स्थानीय पूर्वाधार

१. गा.पा.प्रशासकीय भवन निर्माण २ वर्ष भित्र सम्पन्न गरिने लक्ष्य लिएको छु ।

२. दुर्गाथली गाउँपालिकामा आ.व. २०८१/०८२ भित्र राष्ट्रिय भवन संहिता लागू गरिने व्यवस्था मिलाई सवै खाले घर,टहरा निर्माण कार्यलाई नियमन गरि नक्सा पासको दायरामा ल्याईनेछ ।

३. स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिता र स्थानीय स्रोत परिचालन र दक्षता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

४. पालिकाको विभिन्न ठाउँमा झुलङ्गेपुल निर्माण गर्ने नीति लिएको छु ।

५. आगामी आ.व. मा पालिकाका विभिन्न ठाउँमा बस स्टप, प्रतिक्षालय, क्रियाघर, सार्वजनिक सौचालय निर्माण गर्ने नीति लिएको छु ।

## आ. उर्जा, सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

१. "उज्यालो दुर्गाथली" को अभियान लाई यस आ.व.मा निरन्तरता दिएको छु । "उज्यालो दुर्गाथली" अभियान अन्तर्गत वडा नं. ५,६,७ मा राष्ट्रिय विद्युत प्रशारणको लाइन विस्तार गर्ने र वडा नं. ३ र ४ को विद्युत लाइन लाई स्तरोन्नतीका लागि पहल गरिने छ ।

२. अप्टिकल भाईबर लाई वडा नं.३,४,५,६ र ७ मा आगामि आ.व भित्र पुर्याउने लक्ष्य लिएको छु ।

३. "डिजिटल दुर्गाथली" अन्तर्गत गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ ।

## इ. आवास तथा बस्ती विकास

१. जनता आवास कार्यक्रम अन्तर्गत अति विपन्न, सडकले घरआवासमा क्षेति पुर्याएका जनताहरुको आवास निर्माण कार्यको निरन्तरता दिएको छु ।

२. गरिब परिवारको घरमा खरको छाना लाई विस्थापित गरि जस्ताको छाना प्रयोग गर्न अनुदान दिने कार्यक्रमको निरन्तरता गरेको छु ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ

## ख.आर्थिक विकास

### अ. कृषि विकास

१. कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रुपमा विकास गर्न कृषिमा अनुसन्धान, यान्त्रीकिकरण, व्यवसायीकरण गरि कृषि विकासका लागि सिंचाई सुविधालाई प्रथामिकता दिईनेछ ।

२. पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताका लागि हरेक वडामा रैथाने वाली प्रवर्धन, एक घर एक करेसावारी, सामुहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसावारी निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् ।

३. कृषि प्राविधिकहरुले कृषकको समस्याको समाधान तथा आवश्यक परामर्श दिन, अन्नबाली बोटविरुमा तथा तरकारीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि प्राविधिक सहितको "कृषि घुम्ती शिविर" लाई निरन्तरता दिईनेछ ।

४. कृषकहरुलाई उत्पादनका आधारमा प्रोत्साहन र अनुदानको नीति लाई जोद दिदैं स्थानीय उत्पादनलाई संरक्षण र प्रवर्धन गर्न गा.पा भित्रका परमपरागत अन्न वाली (कोदो, फापर, गुण्धौलो धान, थापाचिनी धान, मार्स्या, कोदो, परापुलो धान, जौ, कागिनो/कागुनो आदी) को संरक्षण र प्रवर्धन गरिनेछ ।

५. व्यवसायिक तथा सामूहिक खेतीमा जोड दिदै, कृषक लाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक (व्यक्ति, फर्म) लाई पुरस्कार तथा सम्मान गरिनेछ ।

६. कृषि सिंचाई पोखरी निर्माण गर्ने नीति लिइनेछ ।

७. स्थानीय उत्पादनमा आधारित विद्यालयमा दिवा खाजा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## आ. पशु विकास

१. दुग्ध विकासका लागि गाउँपालिका भित्र उन्नत जातका गाई, भैसी पालनमा कृषकलाई प्रोत्साहन गर्न अनुदान तथा बजारीकरणको सुनिश्चितता गर्ने निति लिईनेछ ।

२. दुग्धविकास मझौला उद्योग पालिकामा सञ्चालनका लागि आगामि आ.व. मा बजारको संभाव्यता लगायत सञ्चालनको खाका तयार गर्न सहकारीको सहकार्यमा वृस्तित प्रतिवेदन तयार गर्न बजेटको व्यवस्था गरिनेछ । प्रतिवेदनका आधारमा दुग्धविकास मझौला उद्योग आगामी आ.व. संचालन गर्ने लक्ष्य लिएको छु ।

३. मासुजन्य पदार्थमा आत्मनिर्भर हुन बाखापालन, कुखुरा तथा पन्छीपालन, माछापालन र बंगुरपालनलाई ब्यवसायिकीकरण गर्न कृषकलाई प्रोत्साहनका लागि उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने नीति लिएको छु ।

४. पशुपालक कृषकहरुलाई सहज बनाउन उन्नत जातका वहुवर्षीय **"हरियो घाँस विकास कार्यक्रम"** लाई निरन्तरता दिईएको छ।

५. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम र बाँझोपनको समस्या निराकरण गर्न आवश्यक पशु चिकित्सक सहितको घरदैलो घुम्ती शिविर कार्यक्रम लाई निरन्तरता दिईएको छ ।

## इ. सिंचाई

१. गा.पा भित्रका खेतीयोग्य जमिनमा साना, मझौला र ठूला सिचाई, लिफ्ट सिंचाई योजना निर्माण, मर्मत कार्यकालागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. पालिकाका आवश्यक ठाउँहरुमा सिंचाई पोखरी निर्माण गर्ने नीतिको निरन्तरता दिएको छु ।

## ई. सहकारी तथा रोजगार प्रर्वधन कार्यक्रम

१. स्थनीयस्तरमा सामूहिक रुपमा उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न सहकारितामूलक सिद्धान्तका आधारमा स्थानीय नागरिकलाई उद्धमशिलता प्रर्वर्धनका लागि यसै आ.व. बाट स्थानीय सहकारी ऐन तथा कार्यविधिलाई कडाईका साथ लागु गरिनेच ।

२. स्थानीय स्तरमा संचालनमा रहेका तथा नयाँ दर्ता हुने सहकारी संस्थालाई नियमन, व्यवस्थापन तथा संचालन गर्न एवं सहकारी पारदर्शिताका लागि गाउँपालिकाले अभिलेखीकरणको नीति लिईनेछ ।

३. कृषि तथा पशुपालनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सहकारितामा आधारित व्यवसायलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

४. उत्पादन र रोजगारी सिर्जना हुने क्षेत्रहरुमा गाउँपालिका र सहकारी संस्था वीच साझेदारी कार्यक्रमको निति लिईनेछ ।

## ग. सामाजिक विकास

### अ. शिक्षा

१. गाउँपालिकाले शिक्षालाई विकासको मूल आधारमानी सवैकालागि गुणस्तरीय शिक्षाको पहुच जिवनउपयोगी सीप र ज्ञानमा आधारित समुन्नत समाज निर्माणका लागि शिक्षामा विशेष कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

२. "हाम्रो पहिलो रोजाई सामुदायिक विद्यालय" भन्ने नारा लाई आत्मसाथ गर्दै सामुदायिक विद्यालयहरुको स्तरन्नोति गर्दै आधुनिक र प्रविधियुक्त बनाईदै लिने नीतिको निरन्तरता गरेको छु ।

३. पालिकाको शैक्षिक क्यालेन्डर कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. **"आफ्नो गाउँमी आफ्नई डाक्टर"** नाराका साथ "अध्यक्ष छात्रवृत्ती कार्यक्रम" लगायत अन्य छात्रवृत्तिका लाई निरन्तरता दिएको छु।

५. नेपालको संविधानको प्रावधान एवं दिगो विकासको लक्ष्य बमोजिम गाउँपालिका भित्रका सवै वालवालिकाको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच प्रत्याभूतिका लागि आधारभूत शिक्षाको हक सुनुश्चित गर्ने व्यवस्था मिलाईनेछ ।

६. गा.पा. भित्र आगामी आ.व. मा उच्च शिक्षा अध्ययनका लागि एउटा सामुदायिक बहुमुखी क्याम्पस स्थापना गर्न पहल समिति गठन गरि आवश्यक बजेट विनियोजन गरिनेछ ।

७. "हाम्रा बालबालिका हाम्रो भविष्य" मान्यता अनुसार आगामी आ.व. बाट शिशु र कक्षा एक (१) का कोठाहरु स्मार्ट र वालमैत्री बनाईने छन् । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरिनेछ ।

८. सवै माध्यामिक विद्यालयमा Computer शिक्षकहरुको अभिवृद्धिका लागि तालिम दिन वजेटको व्यवस्था गरेको छु ।

९. सामुदायिक विद्यालयहरुमा आवश्यकताका आधारमा भौतिक संरचनाको निर्माण गरिनेछ ।

१०. गा.पा भित्रका सबै विद्यालयहरुको घेरवार निर्माण गर्ने नीतिको निरन्तरता गरेको छु ।

११. नीजि लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था गरि नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

१२. विद्यालयभित्र करेसाबारी, फूलबारी उधान, वृक्षारोपण गर्ने नीति लिईनेछ ।

१३. गाउँपालिकाले शैक्षिक क्यालेण्डर बनिसकेकोले यसलाई कडाईकासाथ लागु गरिनेछ । कक्षा ५ र ८ को परिक्षा पालिका स्तरिय गरिने नीति लिएको छु।

१४. पालिकामा भएका सार्वजनिक पुस्तकालय लाई सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१५. विद्यालय भित्र खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु लाई सक्रिय बनाउने नीति लिइनेछ ।

१६. शिक्षा शाखा, गा.पा प्रशासन र जनप्रतिनिधिबाट विद्यालयहरुको नियमन, अनुगमन र मूल्याङ्कन गर्ने नीतिको निरन्तरता गरेको छु ।

१७. गाउँपालिका भित्र कम्तिमा दुईवटा आवासिय विद्यालय सन्चालन गर्न पहल गरिने छ ।

## आ. युवा तथा खेलकुद

१. "स्वास्थ्यका लागि खेल राष्ट्रका लागि खेल" अनुसार खेलकुद र खेलाडीको विकास गर्न विशेष नीति लिईनेछ ।

२. वडा नं.२ को खड्केली पालिकास्तरिय खेल मैदान निर्माणका लागि DPR गरि आगामी आ.व. मा निर्माणको कार्य अगाडी बढाईने छ ।

३. वडाहरुको विशेष पहलमा "एक वडा एक खेलमैदान" निर्माण कार्यलाई जोड दिईनेछ ।

४. समाजसेवा तथा विपद्का बेला युवाहरुलाई स्काउट र रेडक्रसका माध्यमबाट सहभागी गराउने नीति लिईनेछ ।

५. "गाउँपालिका अध्यक्ष" अन्तर्गत पालिकास्तरीय खेलकुद सप्ताहलाई निरन्तरता दिईनेछ ।

६. दक्षजनशक्ति उत्पादन गर्नका लागि युवाहरुलाई विभिन्न सीपमूलक तालिम, स्वरोजगारका कार्यक्रम लाई लागू गर्ने नीति लिईनेछ । मोटरसाईकल, गाडी मोबाईल मर्मत, टेलिभिजन मर्मत, रेफ्रिजेरेटर मर्मत, प्लम्बिङ्ग, विजुली बत्ति मर्मत, मिस्त्रि, हेयर कटिङ, सिकर्मी र डकर्मी लगायतका तालिम दिई युवाहरुलाई स्वरोजगार बनाईनेछ ।

## इ. स्वास्थ्य तथा आयुर्वेद

१. ८ महिना पुगेको गर्भवती आमाहरुलाई एम्बुलेन्समा लाग्ने भाडामा ५० % छुट दिने नीतिको निरन्तरता गरेको छु ।

२. ७० वर्ष पुगेका र सो भन्दा माथिका विरामीहरुका लागि Ambulance मा लाग्ने भाडा ५० % छुट दिने नीतिको निरन्तरता गरेको छु ।

३. हजार दिन (गर्भ देखि २ वर्ष सम्मको वच्चा) को आमा र वच्चा लाई "उपाध्यक्ष कोसेली कार्यक्रम" को निरन्तरता गरेको छु।

४. क्यान्सर, मुटुका विरामी लगायत दीर्घरोगीहरुलाई गाउँपालिकाले दिने राहत दिने नीतिको निरन्तरता गरेको छु ।

५. "अध्यक्ष स्वास्थ्य कार्यक्रम" अन्तर्गत जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, बालवालिका, सुत्केरी आमाको घरघरमा महिनाको अन्तिम शुक्रवार निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न नीतिको निरन्तरता गरेको छु ।

६. आयुर्वेद, योग, पञ्चकर्म एवं वैकल्पिक चिकित्साको विकासका साथै स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिबुटी, खनिजको पहिचान सङ्कलन, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

७. दुर्गाथली गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागी स्वास्थ्यकर्मी तथा फोकल शिक्षकहरुलाई क्षमता अभिवृद्धि गरिनेछ ।

९. स्वास्थ्यका राष्ट्रिय कार्यक्रमहरु (जुकाको औषधि खुवाउने, पोषण कार्यक्रम आदि )लाई थप प्रभाकारी तथा ब्यवस्थित बनाईनेछ।

१०. बालबालिकाको बार्षिक रुपमा प्रारम्भिक स्वास्थ्य परिक्षण गर्न दक्ष जनशक्ति परिचालन गरिनेछ ।

## ई. खानेपानी तथा सरसफाई

१. खानेपानी तथा सरसफाई सेवाले मानवजीवनमा बहुआयामिक प्रभाव पार्ने भएकाले "एक घर एक धार" को नीति लाई निरन्तरता दिएको छु ।

२. पालिका नेतृत्वको पहलमा संघ सरकारबाट पालिकाको वडा नं १,२,४ र ५ का लागि "वृहत दुर्गाथली खानेपानी आयोजना" अगाडी बढाउन आवश्यक पहल गरिने छ ।

३. पालिका भरिका खानेपानीका मुहान तथा बस्तिका धाराहरुको खानेपानीको ल्याब परिक्षण गरि विस्तृत योजना तयार गरिने छ।

४. सबै विद्यालयमा खानेपानी ट्यांङ्की सहितको स्वच्छ सफा खानेपानीको व्यवस्था मिलाईनेछ ।

५. पुराना र सञ्चालनमा समस्या भएका तथा क्षतिग्रस्त खानेपानीका मुहान र आयोजनाको उचित मर्मत-सम्भार गर्ने नीति लिईनेछ ।

६. लिफ्ट खानेपानी आयोजनाहरु वडा नं. १ को टमटाना लिफ्ट खानेपानी आयोजना संचालनका लागि आवश्य बजेटको व्यवस्था गरिनेछ ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

७. पालिका भित्रका बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न बजार व्यवस्थापन समितिलाई अभिप्रेरित गरिनेछ ।

८. मुख्य बजार क्षेत्रमा महिला-पुरुष सार्वजनिक शौचालयका साथै स्वच्छ खानेपानी सहित धाराको व्यवस्था गरिनेछ ।

९. सामुदायिक विद्यालयका छात्राहरुलाई सुरक्षित र सफा स्यानिटरी प्याड वितरणको कार्य लाई निरन्तरता दिएको छु ।

## उ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठनागरिक सम्बन्धि नीति

१. लैङ्गिक समानता सम्बन्धी पालिकाले नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गरिने नीति लिई विभिन्न विभेद र शोषणमा परेका पीडित महिलाहरुको पक्षमा पालिकाले निःशुल्क कानुनी सहायताको व्यवस्था गर्नेछ ।

३. उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्नका लागि पालिकाले "उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम" अन्तर्गत व्यवसायिक सिपमूलक तालिम दिने नीतिको नितन्तरता दिएको छु ।

४. बालबालिको पोषण अवस्थामा सुधार गर्न पोषण सम्बन्धि कार्यक्रम लाई थप सुदृढ बनाईने छ ।

५. दम, मधुमेह, उच्चरक्तचापका जेष्ठ नागरिक बिरामीलाई निशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।

६. शसक्त महिला समृद्ध नेपाल कार्यक्रामका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## ऊ.सामाजिक सुरक्षा तथा संरक्षण

१. "अनाथको अभिभावक गाउँपालिका" भन्ने नाराका साथ पालिकाका अनाथ, असहाय, बेवारिसे, अशक्त बालवालिकाको शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गर्ने नीतिको निरन्तरता दिएको छु।

२. समाजवाद उन्मुख लोककल्याणकारी राज्यको अवधारणा बमोजिम सरकारले उपलब्ध गराउदै आएको "सामाजिक सुरक्षा भत्ता लाई घुम्ति वैंक सेवा" मार्फत वडाको केन्द्रमा वितरण गर्न कार्यलाई निरन्तरता दिएको छु ।

३. आयोडिनयुक्त नूनलाई पालिकामा विक्रि केन्द्र स्थापना गर्नका लागि विभिन्न सहकारीहरुको सहकार्यमा विक्रि गर्ने नीति लिएको छु ।

४. जनयुद्ध तथा जनआन्दोलनमा ज्यान आहुति गर्नुहुने महान सहिद परिवारहरुलाई यसै आ.व. बाट महिनाको तिन हजार (रू, ३,००० ।-) का दरले निर्वाह भत्ता दिने नीतिको निरन्तरता दिएको छु । साथै, जनयुद्ध तथा जनआन्दोलनका घाईते योद्धाहरुलाई महिनाको एक हजार पाँचसय ( रु, १,५०० ।-) का दरले निर्वाह भत्ता दिने नीति यस आ.व. मा निरन्तरता गरेको छु ।

५. दलितसमुदाय लक्षित विभिन्न सिपमुलक कार्यक्रम लागुगरिने नीति लिएकोछु ।

## ए. न्याय तथा कानुनी परामर्श सम्बन्धि नीति

१. नेपालको संविधान २०७२ ले परिकल्पना गरेअनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिबाट हुने न्याय निरुपणलाई दुर्गाथलई गा.पा. बाट सर्वसुलभ र छिटोछरितो रुपमा सम्पादन हुदै आएको र त्यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था गरिनेछ ।

२. न्यायिक समितिले यस गा.पा. का वडाका मेलमिलाप समितिको क्षमता विकासमा जोड दिनेछ ।

## घ. वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

१. पालिका भित्र रहेका सार्वजनिक जग्गा लाई हरियाली क्षेत्रको रुपमा विकास गर्न स्थानीयवासी, सथानीय समुह, सहकारी आदिको विशेष संलग्नतामा वृक्षारोपण कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । यस अन्तर्गत आगामी आ.व.मा मौरीवगर देखि गाउँपालिकाको कार्यालय सम्मको मुख्य सडकछेउमा विबिन्न किसिमका बोटविरूवा वृक्षारोपण कार्यक्रम जनसहभागितामा लागु गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. विद्यालयको घेरवार भित्र अनिवार्य वृक्षारोपण गर्नुपर्ने नीतिको निरन्तरता गरेको छु ।

३. पालिकाका खोला नाला तथा बाँझो जमिनमा नगदे वाली तथा उन्नतखालका बाँस, निङ्गाला आदिको वृक्षारोपण गर्ने नीति लिएको छु ।

४. पालिका भित्र भौगोलिक अनुकूलताका आधारमा कृषकहरुलाई व्यवसायिक जडिबुटी खेती गर्न अनुदान, कबुलियति लिज सहितको व्यवस्था गरिनेछ ।

५. पालिका भित्ररहेका नदी तथा खोलाले कटान गरेका क्षेत्रहरु तथा भू-क्ष्य हुने क्षेत्रहरुमा तट्बन्धनको व्यवस्था गरिनेछ ।

६. नदी कटान तथा पहिरोको जोखिममा परेका, नीजि घरहरुको क्षति भएका तथा विपद् पिडितहरुलाई "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष" बाट सहयोग गर्ने नीति लिईनेछ ।

७. विश्वभरिको जलवायु परिवर्तनले हाम्रो पालिका पनि छुट्ने कुरा भएन । हाम्रो धेरै ठाउँको कृषिखेति आकाशे पानिमा भरपर्ने भएकाले आगामी दिनमा खेती गर्ने समयको आकलन र मौसमको पुर्वानुमान गरि कृषि उत्पादकत्व

बढाउन आगामी आ.व. मा पालिका र जलतथा मौसम विज्ञान विभागको सहकार्यमा अटो जल तथा मौसम मापन स्टेसनको जडान गरिनेछ।

## ङ. उद्योग वाणिज्य, पर्यटन तथा संस्कृति

### अ. उद्योग तथा वाणिज्य

१. गा.पा भित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिईनेछ । परम्परागत चलनमा आएका बाँस र निङ्गालोका वस्तु, अल्लो, बोल्लो, रामबाँस, भाङ्गोका लोतावाट बन्ने बस्तुहरुलाई थप विकास प्रवर्धन गरि घरेलु उद्योगका रुपमा व्यवसायिक तरिकाले सञ्चालन गर्ने नीतिको निरन्तरता गरेको छु ।

२. यस आ.व.मा पालिका भित्र एक दुग्ध विकास मझौला उद्योग स्थापना गर्ने नीति लिएको छु ।

३. हाते होजियारी लगायत सिपमूलक तालिममा महिलाहरुको सशक्त सहभागिता गराई साना उद्योगका रुपमा विकास गर्न पहल गरिनेछ ।

### आ. पर्यटन तथा संस्कृति

१. परम्परागतरुपमा चलि आएका धार्मिक चाडपर्व, स्थानिय मेला हरुको व्यवस्थापन र प्रवर्धन गर्ने नीतिको निरन्तरता गरेको छु ।

२. स्थानीय स्तरमा प्रयोग गरिने बाजाहरुको संरक्षण र विस्तार गर्ने नीति लाई यस वर्ष पनि निरन्तरता दिएको छु ।

## च. योजना तर्जुमा तथा अनुगमन सम्बन्धी नीति

१. दीर्घकालीन सोच र पालिकाको प्राथमिकताका आधारमा योजना तर्जुमा गरिनेछ ।

२. अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरि तिन भागमा आयोजनाको वर्गीकरण गरि मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण गर्दै पालिकाको

स्रोतवाट, सहलगानी र समपुरक तथा विशेष अनुदानमा सञ्चालन हुनेगरी "दुर्गाथली आयोजना वैंक " को स्थापना गर्ने नीतिको निरन्तरतागरेको छु ।

३. आयोंजनाहरुको व्यवस्थापन र कार्यक्रम कार्यान्वयनमा चुस्त र पारदर्शीता गरिनेछ ।

४. उपभोक्ता समितिले गर्ने योजनाको काम उक्त समितिले ठेक्का, पट्टा दिएको पाईएमा पालिकाले भुक्तानी रोक्का गरि सम्झौता रद्द गर्न नितिको निरन्तरता गरेको छु ।

**सम्मानित गाउँसभाका सभासद्ज्यूहरु,**

- आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमले दुर्गाथली गाउँपालिका लाई समुन्नत, समृद्ध र आत्मनिर्भर स्थानीय तहका रुपमा विकास गर्ने हाम्रो आकांक्षा लाई आत्मसाथ गरेको छ । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्यवनबाट स्थानीय उत्पादकत्व वृद्धि, स्थानीयको जीवनस्तर सुधार, सामाजिक समरक्षण तथा सुरक्षा र गुणस्तरिय सेवा सहज प्राप्त गर्न सहयोग गर्ने छ ।
- नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा दुर्गाथली गाउँपालिकाले अघि सारेका दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वनमा नेपाल सरकार प्रदेश सरकार तथा अन्य निकाय, विकास साझेदार तथा आम गाउँपालिका वासी सबै बाट साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, १४ औं गाउँसभामा सहभागी, गाउँपालिका उपाध्यक्षज्यू, नि.प्रमुख प्रशासकिय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष र सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारीहरु, राजनीतिक दल, राष्ट्र सेवक, शिक्षक, गुरुवर्ग, नीजि क्षेत्र, सहकारी र सामुदायिक

क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार क्षेत्र लगायत संघसंस्था, विकासप्रेमी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाई एवं सम्पूर्ण पालिकाबासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

**दिल ब. थापा**

**अध्यक्ष**

मिति : २०८१ असार १० गते, सोमबार ।